# स्व. आशबहादुर चामलिङको आत्मा-शान्तिको निम्ति पूजा तथा लामा पाठ



**सोरेङ, १२ मईः** राज्यका मुख्यमन्त्री पवन चामलिङका पिता स्व. आशबहादुर चामलिङको पुण्यात्मालाई चिर शान्ति प्राप्त होस् भनी आज सोरेङ च्याखुङ क्षेत्र विधायक एवं मन्त्री आरबी सुब्बा तथा सम्पूर्ण सोरेङ च्याखुङका जनताद्वारा नपुलिङ्ग गुम्बा रुपसाङ्गमा १००० बत्तीको साथ एक दिवसीय पूजा तथा लामा पाठ सम्पन्न गरियो। आज स्व. आशबहादुर चामलिङको ४९औं दिनको कार्य रहेको थियो। नुपलिङ गुम्बामा प्रमुख पुजारी लामा लगायत १० जना लामाहरू पूजा अर्चना गरी स्व. आशबहादुर चामलिङको आत्मा शान्तिको लागि बौद्ध धर्म संस्कार अनुसार वैदिक मन्त्र पाठ गरी प्रार्थना गरियो। पूजा कार्यक्रममा मानव संसाधन विभागका सल्लाहकार ओटी लेप्चा, नयाँ बजार जोरथाङ नगरपालिका मेयर टिका गुरुङ, स्वास्थ्य तथा कृषि विभाग सल्लाहकार एडी सुब्बा र जेबी तामाङ, कृषि तथा युवा विकास अध्यक्ष पदमा देवी शंकर र खेमप्रसाद दाहाल सोरेङ महकुमा अधिकारी गायस पेघा, बीडीओ रतन पेघा, एसडीपीओ, एडीसी, सीएलसी, सीईसीका सदस्यवर्ग लगायत अन्यको उपस्थिति थियो।

## बिजनबारीमा लामो समयदेखि इन्टरनेट परिसेवा ठप्प

**बिजनबारी, १२ मईः** मई महिनाको प्रथम सातादेखि बिजनबारीमा इन्टरनेट परिसेवा ठप्प रहेकोले मानिसहरूले समस्या माथि समस्या झेल्न परिरहेको दृश्य देख्नमा आएको छ। यसरी इन्टरनेट परिसेवा ठप्प हुँदा मूल रूपमा ग्रामीण क्षेत्रका मानिसहरूले ठूलो समस्या झेल्नु पर्ने अवस्था देखिएको छ। बिजनबारीस्थित खण्ड विकास अधिकारी कार्यालयमा आ-आफ्ना काम फत्ते गराउन टाढ़ा टाढ़ाबाट मानिसहरू आउने गर्छन् अनि इन्टरनेट परिसेवा ठप्प रहेकोले कुनै पनि काम हुन नसक्दा मानिसहरूले समस्या झेल्नुपर्ने अवस्था देखिएको छ। यति मात्र कहाँ हो र एससी/एसटी प्रमाणपत्र अनलाइन भर्नपर्ने काममा पनि समस्या आइपरेकोले समस्या देखिएको छ। यसरी नै कन्या श्रीका कतिपय काम कुराहरू अपलोड हुन नसकेको कारण तथा आधार कार्ड बनाउने क्रममा सबै काम कुरो हुन नसकिरहेको देखिएको छ। यसरी नै यहाँको एसबीआई ब्याङ्कमा इन्टरनेट फेल भएको कारण मानिसहरूले रकम जमा गर्न र निकासी गर्ने क्रम पनि हुन नसकेको देखिएको छ। इन्टरनेट परिसेवा ठप्प हुँदा धेरै काम कुरोमा बाधा उत्पन्न भइरहेको देखिएको छ। इन्टरनेट फेल हुँदा बिजुली विभागीय कार्यालयमा बिजुलीको बील भुक्तान गराउनमा पनि असुविधाहरू देखिएको छ। यसरी नै इन्टरनेटको खराबीले भूमि अनि भूमि सुधार विभागका एक अधिकारी सरन सुब्बाले इन्टरनेट बन्द भएको कारण कामहरू पेन्डिङ हुँदै गएको बताए। उनले बताएअनुसार इन्टरनेट फेल हुँदा कार्यालयमा म्युटेशन हुन नसकिरहेको देखिएको छ। यसो हुँदा कार्यालया रिकार्ड हेर्न सकिएको छैन भनी सरन सुब्बाले बताए। यति लामो समयदेखि क्षेत्रमा यसरी इन्टरनेट परिसेवा ठप्प हुँदा पनि स्थानीय व्यापार प्रतिष्ठानका व्यापारीवर्ग, सामाजिक कार्यकर्ता, राजनैतिक नेतृत्वर्ग, बुद्धिजीवि सबै सबै किन मौन छन्। यस विषय लिएर विभागसँग सम्पर्क गरी ठोस् पाइला चाल्नपर्ने समयको पुकार देखिएको छ। बीएसएनएल विभागसित जडान गरिएको इन्टरनेट परिसेवाले यसरी नै लापर्वाही देखाइरहेको खण्डमा यसको विकल्पमा कुनै व्यवस्था हुन सकिने मार्गमा पाइला चाल्नुपर्ने आवश्यक देखिएको छ।

## हेराल्ड मामिलामा सोनिया-राहुललाई हाईकोर्टको झट्का

**नयाँ दिल्ली, १२ मई (हिस)।** दिल्ली हाईकोर्टले नेशनल हेराल्ड मामिलामा कांग्रेस अध्यक्ष सोनिया गान्धी र राहुल गान्धी बाहेक पाँच अन्य विरूद्ध आयकर विभागको जाँचलाई हरियो झण्डा देखाएको छ। यस विरूद्ध बीजेपी नेता सुब्रमण्यम स्वामीले याचिका दर्ता गरेका छन्। ज्ञात होस्, एजेएल नेशनल हेराल्ड समाचारपत्रको मालिकाना कम्पनी हो। कांग्रेसले २६ फरवरी २०११ मा यसको ९० करोड़ रूपियाँको दायित्व आफ्नो जिम्मा लिएको थियो। यसपछि ५ लाख रूपियाँबाट यङ इण्डिया कम्पनी बनाइयो, जसमा सोनिया र राहुल गांधीको ३८-३८ प्रतिशत हिस्सेदारी छ। बाकीको २४ प्रतिशत हिस्सेदारी कांग्रेस नेता मोतीलाल वोरा र अस्कर फर्नान्डीजसित छ। यसपछि एजेएलको १०-१० रूपियाँको ९ करोड़ शेयर यङ इण्यिनलाई दिइयो। यसको साटो यङ इण्डियनले कांग्रेसको लोन तिर्नुपर्नेथियो। ९ करोड़ शेयरको साथ यङ इण्डियनलाई यस कम्पनीको ९९ प्रतिशत शेयर हासिल भयो। यसपछि कांग्रेस पार्टीले ९० करोड़को लोन पनि माफ गऱ्यो अर्थात् यङ इण्डियनले एजेएलको स्वामित्व पायो। सुब्रमण्यम स्वामीको आरोप छ, यी सब दिल्लीमा बहादुर शाह जफर मार्गस्थित हेराल्ड हाउसको १६ सय करोड़ रूपियाँको बिल्डिङमा कब्जा गर्न गरियो। हेराल्ड हाउसलाई केन्द्र सरकारले समाचार पत्र चलाउन जमीन दिएको थियो। यसैले त्यसलाई व्यावसायिक उद्देश्यले प्रयोग गर्न मिल्दैन।



## हिन्दीमा डब हुने फिल्महरूलाई लिएर मन्त्रालयको फरमान

मुम्बई, १२ मई (हिस)। केन्द्रिय सूचना-प्रसारण मन्त्रालयको तर्फबाट हिन्दीमा डब हुने सबै फिल्महरूको निम्ति स्क्रीनमा हिन्दीमा सब टाइटल गर्ने आदेश दिइएको छ। अंग्रेजी, साउथबाट डब भएर रिलीज हुने फिल्महरूलाई लिएर यो आदेश महत्वपूर्ण छ। अहिलेसम्म यो आदेश कहिलेदेखि लागू हुने हो यो स्पष्ट भएको छैन। के टेलीविजनमा प्रसारित हुने डब फिल्महरूलाई लिएर पनि यो आदेश लागू हुनेछ यो पनि स्पष्ट भएको छैन। हिन्दी फिल्म इन्डस्ट्रीमा यस आदेशको स्वागत गरिएको छ, जबकि साउथको इन्डस्ट्री यसलाई लिएर क्षुब्ध बताइँदैछ। सालौंदेखि अंग्रेजी फिल्महरूलाई डब गरी रिलीज गर्ने मुम्बईको एक एजेन्सी एसवी कोर्पोरेशनका प्रमुख जीवी वालियाले यस आदेशमा आफ्नो प्रतिक्रियमा भने, यो एक राम्रो आदेश हो, जसबाट हाम्रो फिल्महरूको दर्शकहरूको संख्या बढ्नेछ। साउथको इन्डस्ट्रीको आपत्तिमा उनको भनाई थियो, यसको कुनै आधार छैन। यदि उनीहरूले हिन्दी बेल्टमा आफ्नो फिल्महरू रीलिज गर्न चाहन्छन् भने यसमा उनीहरूलाई कुनै आपत्ति हुनुहुँदैन, तर यसबाट उनको कारोबार अधिक हुनेछ भनी उनीहरू खुशी हुनुपर्छ। फिल्म इन्डस्ट्रीका विश्लेषक विनोद मीरानीले यसलाई व्यर्थको अभियान बताउँछन्। उनको भनाई अनुसार, यदि फिल्म हिन्दीमा डब गरिएको छ भने, सब टाइटलको कुनै अर्थ रहँदैन, किनभने फिल्मलाई बुझ्न कुनै समस्या हुँदैन। जो फिल्म डब हुँदैन, त्यसको निम्ति सब टाइटलको व्यवस्था हुन्छ तर यसलाई अनिवार्य बनाउनु व्यवहारिक छैन। मीरानीले साउथको आपत्तिलाई खारेज गर्दै हिन्दी बेल्टमा उनीहरूको फिल्मको कारोबार लगातार बढ़िरहेछ, यस्तोमा भाषालाई विवाद बनाउनु ठीक नहुने भने।

## कपिल मिश्राको शुगर लेबल डाउन, अस्पतालमा भर्ती हुने परामर्श

नयाँ दिल्ली, १२ मई (हिस)। भ्रष्टाचार विरूद्ध अनशनमा बसेका आम आदमी पार्टी (आप)का पूर्व मन्त्री कपिल मिश्राको शुक्रबार स्वास्थ्य खराब भयो। अनशनको तेस्रो दिन उनको शुगर लेबल झरेर ८१ भयो। मिश्राको देखरेख गरिरहेको मेडिकल टीमले सावधानीको रूपमा एम्बुलेन्स डाकेको छ औं टीमकी सदस्य डा. रूबीले बताइन्, केही नखाएको कारण कपिल मिश्राको ब्लड प्रेशर लो भएको छ। शुगर लेबल पनि ८१ भएको छ। बिहीबारसम्म यो ८७ थियो। मिश्राको स्थिति खराब छ, जसराण उनले दिनमा पाँचदेखि छह लीटर तरल पदार्थ लिनु अनिवार्य छ। यसो नगरे उनको स्वास्थ्य अझ् खराब हुन सक्छ। मेडिकल टीमले उनलाई समय व्यर्थ नफाली अस्पातलमा भर्ति भएर ड्रिप लगाउने परामर्श दिएको छ।

## खगोलविद्हरूले खोजे वरूणको आकारको ग्रहमा पानी

**नयाँ दिल्ली, १२ मई (हिस)।** खगोलविद्हरूले सौर मण्डल बाहिरको वरूण (नेप्च्युन) को आकारको ग्रहमा पानी रहेको संकेत पाएका छन्। यसबाट वैज्ञानिकहरूले हाम्रो दुनिया कसरी बन्यो यसबारे जान्नमा जानकारी पाउनेछन्। ४३० प्रकाश वर्ष टाढ़ा एक ताराको वरिपरि घुम्ने यस ग्रह (एचएटी-पी-२६बी) को खोज २०११ मा भएको थियो। यो ग्रह आफ्नो तारा र पृथ्वीबीच भएर धेरै पल्ट घुमिरहन्छ, जसकारण पृथ्वीतिर आउने प्रकाश अलिकता कम हुन्छ। यसैकारण यस ग्रहको खोज हुन सकेको थियो। पृथ्वीसम्म पुग्ने ताराको केही प्रकाश ग्रहको वातावरण भएर जान्छ र त्यहीबाट त्यसको वातावरणमा पानी हुने संकेत पाइएको छ। नासाको गोडार्ड स्पेस फ्लाइट सेन्टरमा एक पोस्टडोक्टरल शोधकर्ता हन्ना वेकेफोर्डको भनाई अनुसार, हरेक पदार्थले प्रकाशलाई भिन्न प्रकारले शोषित गर्दछ औं यसैले प्रकाशको अध्ययन गरी पदार्थको पत्तो लाग्दछ। यस अघि पनि धेरै ग्रहहरूमा प्रकाश भएको संकेत पाइएको छ तर ती ग्रह बृहस्पतिभन्दा पनि ठूला थिए। यति टाढ़ा वरूण जस्तो गृहमा पानी खोजिनु यो पहिलो घटना हो।

## शोपियांका भित्तामा लेफ्टिनेन्ट फियाजको हत्यारा आतङ्कीहरूको पोस्टर

**जम्मू, १२ मई (हिस)।** सेनाका लेफ्टिनेन्ट उमर फियाजको हत्यामा सामेल तीन आतंकीको पोस्टर पुलिसले शोपियांका भित्ताहरूमा टाँसेको छ। पुलिस अनुसार, यी तीन आतङ्की उमर फियाजको हत्यामा सामेल थिए, जो शोपियां जिल्लाको हरमन गाउँमा भएको थियो। यी आतंकीहरूको सम्बन्ध लश्कर-ए-तोयबा तथा हिजबुल मुजाहिदीन आतंकी सगंठनसित छ। जिल्ला कुलगामका बासिन्दा सेनाका लेफ्टिनेन्ट उमर फियाजलाई आतंकीहरूले त्यस समय अपहरण गरे, जब उनी आफ्ना आफन्तको विवाहमा भाग लिन गएका थिए। बन्दूकको बलमा उनलाई हतियारधारी आतंकीहरूले अपरहण गरी हत्या गरेका थिए। त्यस दिनदेखि पुलिसद्वारा आतंकीहरूलाई समाउन ठूलो स्तरमा खोजी अभियान जारी छ।

## घाटीमा फैलेको आंतकमाथि विराम लगाउन सेनामा कासो पुनः सामेल

जम्मू, १२ मई (हिस)। घाटीमा तीव्र गतिमा फैलिरहेको आतंकमाथि विराम लगाउन आर्मीले कर्डन एन्ड सर्च अपरेशन (कासो) लागू गर्ने निर्णय लिएको छ। बताइँदैछ, लेफ्टिनेन्ट जनरल उमर फेयाजको आतंकीहरूद्वारा हत्या गरिएदेखि नै सेनाले यो आतंक विरोधी अभियान स्थायी रूपमा लागू गर्ने निर्णय लिएको छ। सूत्रहरू मुताबिक, कासोले आतंक प्रभावित क्षेत्रहरू जस्तै दक्षिण कश्मीरको कुलगाम, पुलवामा, त्राल, बडगाम र शोपियांमा काम गर्नेछ। ज्ञात होस्, पहिले २००१ मा कासोलाई स्थानीय मानिसहरूको कड़ा विरोधपछि बन्द गरिएको थियो तर अब १५ वर्षपछि यसलाई पुनः सेनामा सामेल गर्ने निर्णय लिइएको छ। उल्लेख्य, सन् २००१ मा कासोद्वारा गरिएको सर्च अपरेशनमा स्थानीय मानिसहरूलाई खासै समस्याको सामना गर्नु परेको थियो। तर अब समयको माग तथा घाटीमा आतंकी घटनाहरूमा बढ़ोत्तरीको मद्देनजर कासोलाई पुनः सेनामा सामेल गरिएको छ।

# दुई दिनमा भोटिङ मशिनलाई ह्याक गरेर देखाउन्ः आयोग

**नयाँ दिल्ली, १२ मई (हिस)।** इलेक्ट्रोनिक वोटिङ मशीन (ईवीएम) को विश्वसनीयतालाई लिएर विभिन्न दलहरूको तर्फबाट उठाइएको प्रश्नहरूको मद्देनजर केन्द्रिय चुनाउ आयोगद्वारा डाकिएको सर्वदलीय बैठकमा मुख्य चुनाउ आयुक्त डा. नसीम जैदीले सबै दलहरूका नेताहरूलाई सम्बोधित गर्दै ईवीएमसित कुनै प्रकारको छेड़छाड़को सम्भावनालाई स्पष्ट रूपमा अस्वीकार गरे। बैठकमा ईवीएम र त्यसको सुरक्षा मानकहरूमा आधारित एक प्रस्तुतीकरण पनि गरियो, जसको माध्यमले वर्तमान ईवीएम मशीनहरूसित छेड़छाड़ गरिने सम्भावना छैन औं यसलाई लिएर उठिरहेका सबै आशंकाहरू निराधार हुन् भनी दर्शाइयो। आयोगले भन्यो, यदि कसैलाई आशंका छ भने उनले आगामी दुई दिनमा भोटिङ मशीनलाई ह्याक गरेर देखाउन्। बैठकमा भाजपाको तर्फबाट भूपेन्द्र यादव, जीवीएल नरसिम्हा राव र ओम पाठक, कांग्रेसको तर्फबाट विवेक तन्खा, विपुल महेश्वरी र दीपक अमीन, आम आदमी पार्टी (आप)बाट मनीष सिसोदिया, सौरभ भारद्वाज र गोपाल मोहन, जदयूबाट के सी त्यागी, आरजेडीबाट मनोज झा, बसपाबाट सतीश चन्द्र मिश्रा, एआईएडीएमकेबाट थम्बीदुरै र मैत्रेयन, रांकापाबाट डीपी त्रिपाठी, अकाली दलबाट मनजिन्दर सिहं सिरसा र एस एस ढींढसा, सीपीएमबाट नीलोत्पल बसु, सीपीआईबाट अतुल अनजान र बीजदबाट पिनाकी मिश्रा सामेल भए। अकाली दलका वरिष्ठ नेता मनजिन्दर सिहं सिरसाले बैठकपछि संवाददाताहरूलाई बताए, बैठकमा ती प्रश्नहरूमा स्पष्टीकरण दिइयो, जो अघिल्ला दिनहरूमा विभिन्न दलहरूको तर्फबाट उठाइएका थिए। ईवीएमसित छेड़छाड़ प्रमाणित गर्न चुनाउ आयोगले १४ मईको मिति तय गरेको छ। बैठकमा सबै प्रस्तुतीकरणको माध्यमले वीवीपैट मशीन आएपछि कुन प्रकारले मतदान प्रक्रिया हुनेछ औं तरपनि कसैलाई शिकायत भए उनले आफ्नो शिकायत कसरी दर्ता गराउने देखाइयो। त्यही, जदयू नेता केसी त्यागीले भने, मुख्य चुनाउ आयुक्त नसीम जैदीको सम्बोधनपछि आईआईटीका एक्सपर्टले ईवीएम कसरी टेम्परप्रूफ छ यो बताइरहेछन्। आपका नेता सौरभ भारद्वाजको खुलासाले शंका त उठेकै छ। बैठकमा ७ राष्ट्रिय र ३५ क्षेत्रीय दलले हिल्ला लिए। बैठकमा चुनाउ आयोगले सबै दलहरूलाई जब पनि ईवीएमलाई लिएर प्रश्न चिन्ह खड़ा भएको छ, ती सबै प्रश्नहरूको आयोगले जवाफ दिएको भनेको छ।

# बनारस र कोलम्बोबीच सोझो उड़ान सेवा शुरु गरिने



**कोलम्बो, १२ मई (हिस)।** प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार यहाँ वैशाख दिवसमा आयोजित समारोहमा आगामी अगस्त महिनादेखि वाराणसी र कोलम्बोबीच सीधा उड़ान सेवा शुरू गरिने घोषणा गरे औं श्रीलंकाको विकासको निम्ति भारतको प्रतिबद्धता दोहोराए। यस अवसरमा पीएम मोदीले भने, वैशाख दिवस बौद्ध धर्मको सबैभन्दा ठूलो पर्व हो। श्रीलंकासित हाम्रो पुरानो सम्बन्ध छ। भारतबाट नै बौद्ध धर्म श्रीलंका पुग्यो। ज्ञात होस्, वैशाख दिवस बौद्ध क्यालेण्डरको सबैभन्दा अहम दिन हो। यसै दिन भगवान बुद्धको जन्म, उनको मृत्यु औं उनलाई ज्ञान प्राप्त भएको थियो। कोलम्बोमा यस अवसरमा अन्तरराष्ट्रिय बौद्ध सम्मेलन भईरहेछ, जसमा १०० भन्दा अधिक देशका ४०० प्रतिनिधिले हिस्सा लिइरहेछन्। प्रधानमन्त्रीले भने, भारत, बुद्धको धरती हो। बुद्धको समयदेखि नै भारत-श्रीलंकाबीच मित्रता शुरू भयो। भारत श्रीलंकाको आर्थिक विकासको निम्ति प्रतिबद्ध छ। भारतबाट नै बौद्ध धर्म श्रीलंका पुग्यो। सम्राट अशोकका पुत्र-पुत्री महेन्द्र र संघमित्राले बौद्ध धर्म श्रीलंका लिएर आएका थिए। म बुद्धको धरतीबाट सवा सय करोड़ देशवासीहरूको शुभकामना लिएर आएको छु। उल्लेख्य, पीएम मोदीले एक उड़ान सेवाको पनि घोषणा गर्दै भने, कोलम्बोदेखि वाराणसीबीच अगस्त महिनादेखि सीधा फ्लाइट शुरू हुनेछ। यसबाट बुद्धसित जुड़ेको स्थान श्रीलंकासित जोड़िनेछ। यहाँका तमिल मानिसहरू काशी विश्वनाथ मन्दिर पनि जान सक्नेछन्। क्षेत्रमा आतंकवाद र घृणाको सोच बढ़िरहेछ। यसबाट कुराकानीको द्वार बन्द हुन्छ। दुनियामा बढ्दो हिंसाबीच भगवान बुद्धको शान्तिको मार्ग प्रभावी प्रमाणित हुनेछ भनी मलाई विश्वास छ। यस समारोहको मुख्य अतिथि बनाइएबापत उनले श्रीलंकाई राष्ट्रपति, प्रधानमन्त्री र श्रीलंकाका जनतालाई धन्यवाद दिए। पीएमले बौद्ध आध्यात्मिक गुरू, विद्वान र धर्मशास्त्रीहरूसित पनि भेट गर्नेछन्। श्रीलंका यात्रामा पीएमले पहाड़ी क्षेत्र डिकोयामा निर्मित १५ बेडको एक आधुनिक अस्पतालको पनि उद्घाटन गर्नेछन्। भारतीय मूलका कमान मजदूरहरूको क्षेत्रस्थित यस अस्पताललाई भारतको मददले बनाइएको छ।

## भ्रष्टाचार मामिलामा अन्नासित दखलको गुहार

**नयाँ दिल्ली, १२ मई (हिस)।** आम आदमी पार्टी (आप) का पूर्व नेता र बिजवासन विधायक कर्नल देवेन्द्र सहरावतले अन्ना हजारेलाई पत्राचार गरी अरविन्द केजरीवालमाथि लगाइएको भ्रष्टाचार मामिलामा दखल दिने माग गरेका छन्। सहरावतले शुक्रबार लेखिएको पत्रमा भने, म आपको संस्थापक सदस्य भएको नाताले औं जन लोकपाल आन्दोलनमा तपाईको साथ भ्रष्टाचारसित लड़ाई गर्ने सैनिक भएको नाताले पहिले दिल्ली सरकार र अब मुख्यमन्त्री अरविन्द केजरीवालमाथि व्यक्तिगत रूपमा भ्रष्टाचारमा सामेल भएको आरोपहरूको मद्देनजर यस मामिलामा हस्तक्षेप गर्ने तपाईसित आग्रह गर्दछु। उल्लेख्य, दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालमाथि पूर्व मन्त्री कपिल मिश्राले २ करोड़ रूपियाँ घूस लिएको आरोप लगाएका थिए। यसमा कर्नल देवेन्द्र सहरावतले केजरीवालको पोल खोलिएको तथा जसले उनको मनले चाहेको गर्दैन, पार्टीमा भ्रष्टाचार विरूद्ध आवाज उठाउँछ, उसलाई स्टिङमा फंसाइन्छ भनेका थिए।

## सीमापारीबाट गोलीबारीको कारण १७ परिवारले घर खाली गरे

**जम्मू, १२ मई (हिस)।** जम्मू सम्भागको राजौरी जिल्लाको नौशेरा सेक्टरमा बुधबार राति पाकको तर्फबाट गरिएको भारी गोलीबारीपछि नियन्त्रण रेखा छेउमा रहेको गाउँ खाली हुनथालेको छ। बिस्तारै ग्रामीणहरूले आ-आफ्नो घर छोड़ी पलायन गर्न थालेका छन्। जिल्ला प्रशासनले नौशेरा शहरमा दुई क्याम्प खेलेको छ ताकि ग्रामीणले सुरक्षित स्थानमा शरण लिन सकुन्। अहिलेसम्म सीमावर्ती क्षेत्रबाट १७ परिवार आफ्नो घर खाली गरी सुरक्षित स्थानहरू गईसकेका छन्। सूत्रहरू अनुसार, सेनाले स्थितिमा नजर राखिरहेछ। ग्रामीणहरूको ज्यानमालको सुरक्षाको कड़ा प्रबन्ध गरिएको छ। भीषण गोलीबारीले उत्पन्न तनावको मद्देनजर प्रशासनको तर्फबाट नौशेरामा हायर स्कूल तथा हायर सेकेण्डरी स्कूलमा दुई क्याम्प स्थापित गरिएको छ। यहाँ १७ परिवारका ४० सदस्य आएका छन्। राजौरी जिल्ला प्रशासनले एलओसी समीप गाउँका मानिसहरूलाई घरबाहिर ननिसक्न भनेको छ साथै खासगरी नानी तथा महिलाहरूलाई सुरक्षित राख्ने परामर्श दिइएको छ।

## अंसल बन्धुहरू विरूद्ध साक्ष्य मेटाउने आरोपको सुनवाई

**नयाँ दिल्ली, १२ मई (हिस)।** दिल्ली हाईकोर्टले उपहार दुर्घटना मामिलामा पटियाला हाउस कोर्टद्वारा आरोप तय गर्ने आदेश विरूद्ध दर्ता याचिकालाई खारेज गरेको छ। पटियाला हाउस कोर्टले २०१४ को उपहार दुर्घटना मामिलामा अंसल बन्धुहरू समेत सात अभियुक्त विरूद्ध धारा ४०९, १०९, २०१, १२-बी अन्तर्गत आरोप तय गरेको थियो। पटियाला हाउस कोर्टले २७ मईमा उपहार दुर्घटना मामिलामा साक्ष्यहरूलाई मेटाउने आरोपहरूमा पनि सुनवाई गर्नेछ।

## अरनिया सेक्टरमा पाकिस्तान गोलीबारीमा एक जवान घाइते

**जम्मू, १२ मई (हिस)।** पाकिस्तानले लगातार बिना कुनै कारण जम्मू कश्मीरको नियन्त्रण रेखा तथा अन्तरराष्ट्रिय सीमामा गोलीबारी गरी संघर्ष विरामको उल्लङ्घन गरिरहेछ। यसै क्रममा पाकले शुक्रबार एक पल्ट फेरि जम्मू सम्भागको अन्तरराष्ट्रिय सीमामा संघर्ष विरामको उल्लङ्घन गरी गोलीबारी गऱ्यो। पाकिस्तानको तर्फबाट जम्मूको अरनिया सेक्टरमा गरिएको गोलीबारीमा एक जवान घाइते भएको छ। पाकको तर्फबाट लगभग आधा घण्टासम्म लगातार गोलीबारी जारी छ। यस गोलीबारीको भारतीय जवानहरूले पनि मुहतोहड़ जवाफ दिए। सूत्रहरू अनुसार, पाकले शुक्रबार बिहान सात बजीदेखि ०७.३० बजीसम्म गोलीबारी गऱ्यो। ज्ञात होस्, बिहीबार राति पाकले जम्मू सम्भागको राजौरीमा ८२ र १२० मोर्टार फ्याँकेको थियो। जसमा एक महिलाको मृत्यु भएको थियो औं उसको पति घाइते भएको थियो। बिहीबार राति पाकले राजौरी जिल्लामा भारतीय सेनाको चौकीहरूमा गोलीबारी गऱ्यो। तथापि, भारतीय सेनाको तर्फबाट पनि पाकिस्तानी गोलीबारीको मुहतोड़ जवाफ दिइयो।

## पाकिस्तानमा बम हमला, २५ को मृत्यु

क्वेटा, १२ मईः पाकिस्तानमा बम आक्रमणमा परि कम्तिमा २५ जनाको मृत्यु भएको छ। बम आक्रमण पाकिस्तानको दक्षिण पश्चिम क्षेत्रमा पर्ने बलुचिस्तानमा भएको बताइएको छ। बम विस्फोट शुक्रबार बलुचिस्तानको प्रान्तिय राजधानी क्वेटाबाट करिब ५० किलोमिटर दक्षिणमा रहेको मस्तंग शहरमा भएको हो। सिनेटका सहायक प्रमुख अब्दुल गफूर हैदरीलाई लक्षित गरि उक्त बम हमला भएको अधिकारीहरुले बताएका छन्। मस्तंगका जिल्ला स्वास्थ्य प्रमुख डा. शेर अहमदका अनुसार कम्तिमा २५ जनाको मृत्यु भएको तथा अन्य ३७ जना घाइते भएको अलजजिराले उल्लेख गरेको छ। बम आक्रमणको जिम्मेबारी अहिलेसम्म कसैले पनि नलिएको बताइएको छ।


### साङसिङमा याम्बक



देवकुमार सुब्बा (डीई इरिगेशन) को गत ९ मई २०१७ मंगलवारको दिन निधन भयो। उहाँको अन्तिम संस्कारमा सहभागी भइदिने सबै शुभचिन्तकहरूप्रति कृतज्ञ प्रकट गर्दै उहाँको साङसिङमा याम्बक (शुद्धि कार्य) आगामी १७ मई २०१७ बुधवारको दिन निजी बासस्थान अपोजिट डिसी अफिस, अप्पर सिच्चे, गान्तोक पूर्व सिक्किममा सम्पन्न हुने निश्चित भएकोले उहाँको आत्माको चिर शान्तिको निम्ति सम्पूर्ण आफन्तजन, इष्टमित्र, शुभचिन्तकहरूलाई उक्त दिन उपस्थित भइदिने विनम्र निवेदन गर्दछौं।

विनीत

सुकमाया सुब्बा (आमा)

डा. अमृता सुब्बा (गुरुङ) (पत्नी)

गौरव सुब्बा (छोरा), गरिमा सुब्बा (छोरी)

उत्तम सुब्बा (भाई), शंकर सुब्बा (भाई)

श्रीमती विद्या सुब्बा (दिदी)

लगायत सम्पूर्ण शोकाकूल परिवार

सम्पर्कः 9474524428, 8001956516, 9434184195

### अन्त्येष्टि क्रिया



श्री धरणीधर कोइरालाको गत ९ मई २०१७ मंगलवारको दिन निधन भयो। यस दुःख घड़ीमा हामीलाई शान्त्लर्वींना दिनु हुने सम्पूर्ण इष्टमित्र, आफन्त, छर-छिमेक, शुभचिन्तक सबैलाई कृतज्ञ प्रकट गर्दै आगामी २१ मई २०१७ आइतवारको दिन उहाँको अन्त्येष्टि क्रिया हुने भएकोले निज निवास डाँडा गाउँ तादोङ (लिंक रोड अपोजिट, एसबीआई तादोङ) पूर्व सिक्किममा सबैलाई उपस्थित भई उहाँको चिर आत्माको निम्ति कामना गरिदिनु हुन विनम्र निवेदन गर्दछौं।

विनीतः

शोकाकूल कोइराला परिवार

सम्पर्कः 9474524688, 8670552465, 9474524835

### साङसिङमा याम्बक



हाम्रा पूजनीय माता आइती लिम्बु (कुरुङवाङ) को गत १९ मार्च २०१७ को दिन निधन भएको थियो। उहाँको साङसिङमा याम्बक (शुद्धि कार्य) आगामी १६ मई २०१७ तदनुसार जेठ २ गते, विसं २०७४ मंगलवारको दिन निजी बासस्थान आहो याङताम भष्मे, पूर्व सिक्किममा सम्पन्न हुने निश्चित भएकोले उहाँको आत्माको चिर शान्तिको निम्ति सम्पूर्ण आफन्तजन, इष्टमितर, शुभचिन्तकहरूको उपस्थिति सहित इश्वरीय कामनाको अपेक्षा गर्दछौं। उहाँको अन्तिम संस्कारमा सहभागी भइदिने सबै शुभचिन्तकहरूप्रति आभार प्रकट गर्दछौं।

विनीत

गोरे लिम्बू (पति) 8016743383

डम्बर सिंह सुब्बा (छोरा) 9775430438

नरेन सुब्बा (छोरा) 8670408668

कुशल सुब्बा (छोरा) 7318928889

कर्णसिंह सुब्बा (देवर) 8145578473